# च्याफकटर मेसिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७५

## १. पृष्ठभुमी

नेपालमा व्यावसायिक पशुपालन क्रमशः फस्टाउदै गरेको अवस्थामा दुध उत्पादन तथा उत्पादकत्वमा समेत क्रमिक वृद्धि हुँदैं गएको छ । यसै गरी बढ्दो जनसंख्याको मागलाई धान्न उत्पादनमा वृद्धि संगसंगै दुध उत्पादन लागत बढ्दै गएको अवस्था छ । प्रदेश न. २ मा व्यावसायीक गाईभैंसी पालक कृषकहरु बढ्दै गएको भएतापनि घाँस खेतीमा आधारित गाईभैंसी पालन तथा उपलब्ध भएका घाँस र परालको सहि सदुपयोग हुन नसक्दा गाईभैंसी पालन व्यवसाय नै कठिन अवस्थामा पुग्दै गएको छ । यसरी गाईभैंसी पालन व्यवसायलाई आकर्षक र नाफा मुलक बनाउन, दुधको लागत मुल्य घटाउनको लागि फार्म यान्त्रीकरणमा जोड दिनु नितान्त आवश्यक देखिन्छ । गाईभैंसी पालन गरि दुध उत्पादन गर्ने व्यवसायमा आहारा व्यवस्थापन र फार्ममा काम गर्ने जनशक्ति व्यवस्थापन मुख्य चुनौतीको रुपमा भएको हुनाले व्यवसायीक गाईभैंसी पालनमा फार्म यान्त्रीकरण अपरिहार्य छ ।

यसका लागि दुधाल गाईभैंसी पालन गर्ने कृषकहरुलाई यान्त्रीकरणको माध्यमबाट कम लागतमा दुध उत्पादन गर्न प्रदेश सरकारस्तरबाटै प्रोत्साहित गर्न अति जरुरी भएकोले निःशुल्क अनुदानमा च्याफकटर मेसिन व्यवसायीक कृषकहरुलाई वितरण गरि व्यावसायीक कृषकहरुलाई प्रोत्साहित तथा फार्म यान्त्रीकरणको थालनी गर्न " **च्याफकटर मेसिन वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७५**" जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम " **च्याफकटर वितरण कार्यक्रम कार्यन्वयन कार्यविधि- २०७५**" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार प्रदेश न. २ मन्त्री परिषदबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :-

(क) "कार्यविधि" भन्नाले " **च्याफकटर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७५**" सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले निःशुल्क अनुदानमा च्याफकटर वितरण कार्यक्रम सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न २ जनकपुरधाम, धनुषालाई सम्झनु पर्छ ।

(घ) "निःशुल्क" भन्नाले कम्तिमा ५ वटा गाई वा ३ वटा भैसी भएको व्यवसायीक कृषक वा फार्मलाई तोकिएको प्रकृयाबाट छनौट भएको कृषकलाई मन्त्रालयले उपलब्ध गराउने निः शुल्क च्याफकटर वितरणलाई सम्झिनु पर्दछ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छनः-

(क) व्यावसायीक गाईभैंसी पालक कृषक/फार्महरुमा यान्त्रीकरणको प्रयोगबाट घाँस र परालमा भएको पौष्टिकताको सहि सदुपयोग गरि दुध उत्पादनमा वृद्धि गर्ने ।

(ख) व्यावसायीक गाईभैंसी पालक कृषक/फार्महरुमा न्यूनतम जनशक्तिको मात्र प्रयोग गरी दुधको उत्पादन लागत कम गर्न मद्दत पुर्याउने ।

(ग) व्यावसायीक पशुपालनमा "असल आहारा व्यवस्थापन अभ्यास" लाई प्रोत्साहन दिदै घाँस र पराल कम खेर जाने पद्धतिको विकास गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रकृया

४ <u>कार्यक्रम संचालन प्रकृया:</u>

(क) कार्यक्रम आ.व. २०७४/०७५ देखि शुरु भई व्यावसायीक कृषकहरुको माग तथा बजेटको उपलब्धता अनुसार आगामी आर्थिक वर्षहरुमा पनि कार्यक्रमलाई विस्तार गर्दै लगिने छ ।

(ख) यो कार्यविधि स्वीकृत भई निःशुल्क वितरणको लागि यस प्रदेशको जिल्ला पशु सेवा कार्यालयहरुबाट तोकिएको मापदण्ड अनुसारको कृषकको नामावली माँग गरि निःशुल्कमा च्याफकटर वितरण गरिने छ।

(ग) स्वीकृत बार्षिक कार्यक्रममा उल्लेखित बजेटको परिधिमा रही सार्वजनिक खरिद एन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवश्यक सख्याको **च्याफकटर खरिद गरिनेछ।**

(घ) मन्त्रालयको स्वीकृत बाषिर्क कार्यक्रम अनुसार निःशुल्क प्रदान गरिने च्याफकटर मेसिनको सम्बन्धमा गुणस्तर र प्राविधिक मापदण्ड तयार गर्न तथा कृषकको अन्तिम नामावली सिफारिस तथा अनुगमन गर्न निम्न अनुसारको एक प्राविधिक समिति रहने छ । सो

समितिको गठन र संचालन प्रकृया निम्नानुसार हुनेछ ।

अ) पशुपन्छी विकास महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — संयोजक

आ) प्रशासन,योजना तथा अनुगमन महाशाखा उपसचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य

इ) अधिकृत प्रतिनिधी, चरन तथा घाँसेबाली बिउ वृद्धि फार्म, जनकपुरधाम, धनुषा — सदस्य

इ) अधिकृत प्रतिनिधी, कृषि विकास महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य

उ) व्यवसाय प्रवर्द्धन तथा क्षमता विकास शाखा अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य सचिव

(ड) यस कार्यक्रममा सहभागी हुन कम्तिमा ५ वटा गाई वा ३ वटा भैसी क्रस जातका पालन गरि दुग्ध व्यवसाय गर्ने निजी कृषक वा व्यवसायिक पशु फार्म हुनु पर्नेछ

(च) समितिले पुनःअनुगमन, निःशुल्क वितरणको विषयमा समिक्षा र पृष्ठपोषण सहित पुनरावलोकन गर्न सक्नेछ ।

## परिच्छेद ३
## विविध

५. <u>अनुगमन, निरीक्षण तथा मुल्याकंन:</u> भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरु वा स्थानीय तहको पशु सेवा शाखा बाट नियमित तथा आवश्यकता अनुसार अनुगमन गरिने छ ।

६. **कारवाहीको व्यवस्था:** निःशुल्कमा च्याफकटर मेसिन वितरण कार्यक्रम अन्तर्गत च्याफकटर मेसिन प्राप्त गर्ने कृषक वा फार्मले कार्ययोजना र सम्झौता बमोजिम कार्यक्रम संचालन नगरी दुरुपयोग गरेको पाइएमा प्रदेश सरकारको प्रचलित ऐन, नियम र कानुन बमोजिम कारवाही गरी प्रदान गरिएको अनुदान रकम सरकारी रकम बाँकी सरह असुल उपर गरिने छ ।

७. **प्रचलित कानुन लागु हुने:** निःशुल्कमा च्याफकटर मेसिन वितरण कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएका हकमा प्रचलित कानुन बमोजिम कामकारवाही हुनेछ। यस कार्यविधिमा उल्लेख भएको निःशुल्क सम्बन्धी व्यवस्था प्रदेश सरकारवाट तोकिएको आर्थिक वर्षहरुमा भएको वजेटको उपलब्धता अनुसार हुनेछ । सबै कार्यक्रमहरु विनियोजित वजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही संचालन गर्नु पर्नेछ ।

८. **कार्यविधि संशोधन तथा खारेजी:** आवश्यकता अनुसार यस कार्यविधिमा प्रदेश न २ मन्त्रीपरिषदले परिमार्जन, संशोधन तथा खारेजी गर्न सक्नेछ ।

अनुसूचि१

## कृषक तथा मन्त्रालय बीचको सम्झौता पत्रको ढाचा

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ........................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निःशुल्कमा च्याफकटर मेसिन वितरण कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश न २, जनकपुरधाम, धनुषा (यस पछि प्रथम पक्ष भनिने) र श्री ..................................... (यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी निःशुल्कमा च्याफकटर मेसिन बुझि लिई द्विपक्षिय सम्झौता गरी लियौं/दियौं ।

तपशिल

१. प्रथम पक्षबाट निःशुल्क प्राप्त भएको च्याफकटर मेसिन वितरण कार्यक्रमको च्याफकटर मेसिन जिल्ला ....................गा.पा. ...................... वडा नं. ...........टोलको ................. /फार्ममा उपयोगमा ल्याइनेछ ।
२. निःशुल्कमा वितरण गरिएको च्याफकटर मेसिनको मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एंव दायित्व दोश्रो पक्षको हुनेछ ।
३. प्रथम पक्षले उपलब्ध गराएको मेसिन प्रथम पक्षको सहमति बेगर अन्य कुनै पनि कृषक/संस्थामा स्थानान्तरण, बेचबिखन वा हस्तान्तरण गर्न पाईने छैन । तथापि काबु बाहिरका अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्विकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।
४. दोश्रो पक्षले कारणवस फार्म बन्द गर्नु परेमा वा न्यूनतम ५ वर्ष नपुग्दै मेसिन प्रयोग गर्न छाडेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकम प्रथम पक्षलाई अनिवार्य रुपमा फिर्ता गर्नु पर्नेछ । कुनै प्राविधिक कारणबाट मेसिनमा आएको गडबडी सम्बन्धीत विशेषज्ञबाट यथोचित ठहर्याई जिल्ला पशु सेवा कार्यालयबाट सिफारिस भई आएमा प्रादेशिक समितिको निर्णय अनुसार लागु हुनेछ ।
५. दोश्रो पक्षले अनिवार्य रुपमा मेसिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।
७. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतका दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बांकी सरह असुल उपर गर्न सक्नेछ ।
८. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यकमको निरीक्षण/अनुगमन, तालिम, भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।
९. सम्झौतामा उल्लेख हुन छुटेको विषयको हकमा दुवै पक्षको आपसी सहमति अनुसार र प्रचलित नियम कानुन अनुसार हुनेछ ।
१०. सम्झौताका बुंदाहरु आवश्यकता अनुसार दुवै पक्षको सहमतीमा थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| दोस्रा पक्षका तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था: | कार्यालय: |
| संस्था/फार्मको छाप | कार्यालयका छाप: |

साक्षिः
हस्ताक्षरः
नामः
पदः
संस्थाः
संस्थाका छापः

साक्षिः
हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयका छापः

इति सम्वत ..................साल ................... महिना ..........गते रोज .......... शुभम ।